म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ५२ | बुधबार ५ असोज २०७९ | ने. सं. ११४२ ञलगा | 21 September, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**नेपालको संविधानको विशेषता**

- सार्वभौमसत्ता सम्पन्न नेपाली जनताबाट जारी भएको संविधान,
- नेपाली जनतामा निहित सार्वभौमसत्ता एवं राजकीय सत्ता,
- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था,
- धर्म निरपेक्ष राज्य व्यवस्था,
- मानव अधिकार र विधिको शासनको प्रत्याभूति,
- लोकतान्त्रिक मूल्य मान्यतामा आधारित संविधान,
- समावेशीकरणको सिद्धान्तलाई आत्मसात गरिएको,
- प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणाली,
- संघ, प्रदेश र स्थानीय तहको एकल र साझा अधिकारको व्यवस्था
- समाजवाद उन्मुख अर्थतन्त्र

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# मकवानपुरका निर्वाचित जनप्रतिनिधिसहित १ हजार ५ सय ८५ उम्मेदवारलाई जरिवाना

साझाकुरा संवाददाता

हेटौंडा, ४ असोज/ मकवानपुरको १० वटै पालिकामा गत ३० वैशाखमा भएको स्थानीय तह सदस्य निर्वाचनमा उम्मेदवार भएर खर्च विवरण नबुझाएकाहरुलाई निर्वाचन आयोगले जरिवाना तिर्न ताकेता गरेको छ ।

देशभरका उम्मेदवारहरुमध्ये खर्च विवरण पेश नगर्नेलाई आयोगले जरिवाना तिर्न दिएको निर्देशनमा मकवानपुरका १ हजार ५८५ जना उम्मेदवार परेका छन् । निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ को उपदफा १ र स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४ (४) अनुसार उम्मेदवारले निर्वाचनको अन्तिम नतिजा सार्वजनिक भएको मितिले ३० दिनभित्र निवार्चन खर्च विबरण पेश गर्नुपर्ने कानुनी व्यवस्था छ । जसअनुसार चुनावमा भएको खर्च विबरण नबुझाउने र चित्तबुझ्दो स्पष्टिकरण पेश नगर्ने उम्मेदवारलाई आयोगले जरिवाना लगाएको हो ।

चुनाव जितेपछि महिनौंसम्म अबिर, खादा र माला जात्रामा रमाएका जनप्रतिनिधिहरुले आफ्नो पहिलो कानुनीय कर्तव्यसमेत पूरा नगरेपछि आयोग एक्सनमा उत्रिएको हो । आयोगले कडाईका साथ कानुन कार्यान्वयनमा पहिलो पटक जोड दिएको हो । यसअघि खर्च विवरण नबुझाउनेहरुलाई आयोगले कारबाही गर्ने गरेको थिए । जसकारण गत स्थानीय तह निर्वाचनबाट निर्वाचित जनप्रतिनिधि र उम्मेदवारहरुले आयोगको कानुनलाई वेवास्था गरेका थिए । तर, कानुनलाई वेवास्था गर्ने जनप्रतिनिधि र उम्मेदवारहरु आयोगको फन्दामा परेका छन् । आयोगले आफ्नो कानुन कार्यान्वयनमा कडाई गरेसँगै मकवानपुरका १ हजार ५ सय ८५ जना स्थानीय तह निर्वाचनका उम्मेदवारहरुले लाखौं रकम जरिवाना वापत तिर्नु पर्ने भएको छ ।

आयोगका अनुसार खर्च विवरण नबुझाउने र ढिला बुझाउने महानगरपालिका प्रमुख र उपप्रमुखले ७ लाख ५० हजार, वडाध्यक्ष, वडा सदस्य, महिला सदस्य, दलित, अल्पसंख्याक सदस्यले ३ लाख, उपमहानगरका प्रमुख र उपप्रमुखले ५ लाख ५० हजार, वडा सदस्य, महिला सदस्य, दलित, अल्पसंख्यक सदस्यले २ लाख ५० हजार जरिवाना तिर्नुपर्ने आयोगले निर्णय गरेको हो ।

नगरपालिकाका प्रमुख र उपप्रमुखले ४ लाख ५० हजार, वडा सदस्य, महिला सदस्य, दलित, अल्पसंख्यक सदस्यले २ लाख, गाउँपालिकाको अध्यक्ष र उपाध्यक्षले ३ लाख ५० हजार, वडा सदस्य, महिला सदस्य, दलित, अल्पसंख्यक सदस्यले १ लाख ५० हजार जरिवाना तिर्नु पर्ने आयोगले निर्णय गरेको हो । आउँदो निर्वाचनमा उम्मेदवार हुन चाहनेले उक्त जरिवाना बुझाउनै पर्ने निर्णय आयोगले गरेको छ ।

प्रदेश निर्वाचन कार्यालय बागमती प्रदेश हेटौंडाका शाखा अधिकृत गोविन्दप्रसाद पौडेलले मकवानपुरका निर्वाचित जनप्रतिनिधिसहित उम्मेदवाहरु कारबाहीमा परेको जानकारी दिए । मकवानपुरका निर्वाचित गाउँपालिका अध्यक्ष, उपाध्यक्षदेखि कार्यपालिका सदस्य, वडा अध्यक्ष र वडा सदस्यहरु




र उल्लेखती पदमा उम्मेदवारी दिएका अधिकांशले आफ्नो निर्वाचन खर्च विवरण बुझाएका थिएनन् । निर्वाचनमा जिल्ला समन्वय समितिका पदाधिकारी र सदस्य, पालिकाको प्रमुख/उपप्रमुख तथा कार्यपालिका सदस्य, वडा अध्यक्ष, वडा सदस्य गरी २ हजार ४२ जना उम्मेदवार दिएका थिए । कानुनत: निर्वाचनबाट बिजयी भएकाहरुमात्र हैन, पराजित भएकाहरुसमेत सबै उम्मेदवारले खर्च विवरण बुझाउनु पर्छ ।

तर, निर्वाचन हारेका त टाढाको कुरा बिजयी भएकाहरुलेसमेत विवरण नबुझाएको प्रदेश निर्वाचन कार्यालय हेटौंडाले जानकारी दिएको छ । मकवानपुरमा एउटा उपमहानगरपालिका, एउटा नगरपालिका र ८ वटा गाउँपालिका छ । जिल्लाभर १ सय २ वटा वडाहरु छन् । १०/१० पालिका प्रमुख/उपप्रमुख, १ सय २ वडाअध्यक्ष सहित ५ सय ३० जना जनप्रतिनिधि छन् । यी ५ सय ३० जनप्रतिनिधिमध्ये अधिकांशले चुनाव जित्नका लागि गरेको खर्च आयोगमा नबुझाएको प्रदेश निर्वाचन कार्यालय बागमती प्रदेश हेटौंडाका शाखा अधिकृत पौडेलले जानकारी दिए ।

जिल्लाको १० स्थानीय तहमा ५ सय ३० पदको लागि १ हजार ९ सय ३१ जनाले उम्मेदवारी दिएका थिए । जसमध्ये १ हजार ५ सय ८५ जना उम्मेदवारले निर्वाचन खर्च विवरण पेश नगरेका हुन् । 'खर्च विवरण नबुझाउनेहरु सबै जरिवानाको भागिदार बन्नु भएको छ । आयोगले तोकेको जरिवाना तिर्नुपर्छ । नत्र पद मुक्त हुनसक्ने सम्मको कानुनी कारबाहीको व्यवस्था छ,' पौडेलले भने । उम्मेदवारहरुमध्ये ३ सय ४६ जनाले मात्रै कानूनबमोजिम निर्वाचन खर्चको विवरण पेश गरेको पौडेलले जानकारी दिए ।

मकवानपुरका जिसस प्रमुख ललितकुमार घलानबाहेक उपप्रमुखदेखि सदस्यसम्मले खर्च विवरण बुझाएका छैनन् । १० वटै स्थानीय तहमा भएको कार्यपालिका सदस्य निर्वाचनमा भाग लिएका ९९ जनामध्ये थोरैले मात्रै विवरण बुझाएको पौडेलले बताए ।

कार्यालयका अनुसार जिल्लाका १० पालिकामध्ये निर्वाचन खर्च पेश नगर्नेमा इन्द्रसरोबर गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनी र उपाध्यक्ष उमा कुमारी लामा छन् । बागमती गाउँपालिका उपाध्यक्ष फणिन्द्र तिमल्सिनाले पनि खर्चको विवरण नबुझाएका हुन् । बाँकी पालिकाको प्रमुख र उपप्रमुखहरुले खर्च विवरण बुझाएका छन् । मकवानपुरका ५९ वडाअध्यक्ष र अधिकांश वडा सदस्यहरुले खर्च विवरण पेश गरेका छैनन् । प्रदेश निर्वाचन कार्यालयमा १ सय ९३ जनाले खर्च विवरण नबुझाएपछि स्पष्टीकरण बुझाएका थिए । तर, स्पष्टीकरणमा चित्ता बुझ्दो नभएको भन्दै आयोगले सबैलाई कारबाहीको भागिदार बनाएको आयोगको कारबाहीमा पर्ने नामावलीबाट थाहा हुन आएको छ ।

निर्वाचन आयोग ऐन २०७३ को दफा २६ को उपदफा (३) मा उपदफा (२) बमोजिम भएको जरिबाना ६ महिनासम्म नबुझाउने राजनीतिक दल वा उम्मेदवारलाई आयोगले तत्कालैदेखि लागू हुनेगरी बढीमा ६ बर्षसम्म कुनैपनि निर्वाचनमा भाग लिन रोक लगाउन वा उम्मेदवार हुन अयोग्य घोषित गर्न सक्नेछ । उपदफा (४) मा उपदफा (१) वा (२) बमोजिम जरिवाना गर्नु वा उपदफा (३) बमोजिम निर्णय गर्नुअघि आयोगले सम्बन्धित राजनीतिक दल वा व्यक्तिलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ । उपदफा (५) मा आयोगले उपदफा (३) बमोजिम निर्णय गरेकोमा त्यस्तो व्यक्ति निर्वाचित भएको रहेछ भने निजको निर्वाचन स्वत: बदर हुने कानुनी व्यवस्था छ ।

# एकैदिनमा २ सय १९ जनामा डेंगु संक्रमण पुष्टि

साझाकुरा संवाददाता

हेटौंडा, ४ असोज/ मकवानपुरमा एकैदिनमा २ सय १९ जनामा डेंगु संक्रमण पुष्टि भएको छ ।

मंगलबार जिल्लामा एकैदिनमा २ सय १९ जनामा डेंगु पुष्टि भएको स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको हो । डेंगु संक्रमण पुष्टि हुनेमा सबैधन्दा धेरै हेटौंडा उपमहानगरपालिकाका छन् । हेटौंडा उपमहानगरको २ सय ४ जनामा डेंगु पुष्टि भएको कार्यालयले जनाएको छ । यस्तै मकवानपुरगढी गाउँपालिकाका आठ जनामा, मनहरी गाउँपालिकाका पाँच जनामा र भीमफेदी गाउँपालिकाका दुई जनामा संक्रमण पुष्टि भएको छ । योसँगै जिल्लामा डेंगु पुष्टि हुनेको संख्या १ हजार ८ सय २९ जना पुगेको छ ।




# प्राकृतिक जलाशय मत्य प्रर्वद्धन केन्द्रद्वारा हेटौंडामा वृक्षारोपण



साझाकुरा संवाददाता

हेटौंडा, ४ असोज/ प्राकृतिक जलाशय मत्य प्रर्बद्धन एवम् संरक्षण केन्द्रले हेटौंडामा वृक्षारोपण गरेको छ ।

संविधान दिवस २०७९ को अवसरमा केन्द्रले वन तथा वातावरण मन्त्रालय बागमती प्रदेशको समन्वयमा वृक्षारोपण गरेको हो । डिभिजन वन कार्यालय हेटौंडाका सहायक वन अधिकृत बसन्तराज गौतमले निम, कपुर, बिजयसाल, सतिसाल, छत्तिवन बिरेन्द्रफुल, गोलमोहोर लगायतका विभिन्न नामका बिरुवाहरु रोपिएको जानकारी दिए ।

कार्यक्रम वन तथा वातावरण मन्त्रालय बागमती प्रदेशका सचिव यज्ञनाथ दाहालको प्रमुख आतिथ्यता एवम् सामाजिक विकास मन्त्रालयका सचिव रामशरण सापकोटाको विशेष आतिथ्यतामा भएको हो । कार्यक्रममा मुख्यमन्त्री कार्यलयका उपसचिव बद्री पाठक, डिभिजन वन कार्यालय हेटौंडाका सहायक वन अधिकृत बसन्तराज गौतम, डिभिजन वन कार्यालय हेटौंडाका डिभिजनल वन अधिकृत शिव सापकोटा, प्राकृतिक जलासय मत्य प्रर्बद्धन एवम् संरक्षण केन्द्र हेटौंडाका प्रमुख सुरेश यादवलगायत विभिन्न कार्यलयका प्रमुखहरु र कर्मचारीहरुको उपस्थिति रहेको थियो ।



कोरोना भाइरसबाट बचौं र बचाऔं ।

**घर तथा फ्ल्याट भाडामा**

हेटौंडा-२ स्थित सिद्धार्थ स्कुल अगाडि रहेको साडे २ तल्ला घर भाडामा रहेको हुँदा अफिस, आवास तथा गोदामको लागि आवश्यक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

हेटौंडा-५, अब्बलडाँडामा रहेको १ तल्ला घर विक्री तथा भाडामा रहेको छ ।

हेटौंडा-५, पिप्ले रुद्रेश्वर मन्दिर नजिक रहेको २६ धुर जग्गा बिक्रीमा रहेको हुँदा इच्छुक महानुभावहरुले तुरुन्छ सम्पर्क गर्नुहोला ।

सम्पर्क नं. ९८५११३२८७४
९८४५०२८४३१

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

सेवाहरू:



- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३



साझाकुरा

## हाम्रो कुरा

# पुराना टायरको व्यवस्थापन

हेटौंडा बजार क्षेत्रमा दुई महिनाअघिदेखि देखिएको डेंगुको संक्रमण बढ्दै गएको छ । विगतमा फाट्टफुट्टमात्र देखिने डेंगुको बिरामीको लर्को नै लागेपछि यहाँका सबै स्वास्थ्य संस्थामा बिरामीको भीड देखिएको छ । डेंगु नियन्त्रणका लागि प्रदेश सरकार तथा उपमहानगरपालिकाले विभिन्न अभियान सञ्चालन गरे पनि प्रभावकारी बन्न सकेको छैन । डेंगु संक्रमण कम हुनुको साटो बढ्दै गएपछि आम सर्वसाधारणमा पनि त्रास बढ्दै गएको छ । डेंगु संक्रमण कम नहुँदा डेंगुको आशंकामा स्वास्थ्य परीक्षण गराउन आउनेको संख्या पनि निकै बढिरहेको छ । हेटौंडा बजार क्षेत्रमा जथाभावी फालिएका गाडीका पुराना टायरकै कारण डेंगुको महामारी नियन्त्रण चुनौतीपूर्ण देखिएको छ । पानी पर्ने क्रम नरोकिएको र बजार क्षेत्रमा रहेका दजनौं ग्यारेजमा खुला आकाशमुनि राखिएका पुराना टायरमा जमेको पानी डेंगु सार्ने लामखुट्टेका लागि सुरक्षित स्थल बनिरहेको कारण यसको व्यवस्थापनबिना हेटौंडामा डेंगु नियन्त्रण नहुने अवस्था बनेको छ ।

आम मानिसको बेवास्ता र लापरवाहीकै कारण डेंगु फैलिरहेको हुँदा जनचेतना अभिवृद्धिसँगै डेंगु हुर्कने ठाउँहरु नष्ट नगर्दा यसको नियन्त्रण प्रभावकारी हुन सकेको छैन । सरकारले चालू आर्थिक वर्षमा डेंगु नियन्त्रणका लागि केन्द्र, प्रदेश र स्थानीय सरकारका लागि बजेट विनियोजन गरेको भएपनि तीन तहको सरकारबीच आवश्यक समन्वय नहुँदा प्रभावकारिता देखिएको छैन । डेंगु नियन्त्रणका लागि चलाइएका अभियानहरु पनि सार्थक बन्न सकिरहेको छैन । केही दिनअघि हेटौंडा उपमहानगरपालिकाको संयोजन तथा टोल विकास नगर समन्वय समितिको सहभागितामा बजार क्षेत्रमा सञ्चालन गरिएको 'खोज र नष्ट गर' अभियानका क्रममा अधिकांश ग्यारेजमा खुला आकाशमुनि सयौं टायर थुपारिएको र त्यसमा जमेको पानीमा डेंगु सार्ने लामखुट्टे हुर्किरहेको पाइएको थियो । यस्ता टायरको व्यवस्थापन गर्न जनशक्ति तथा सुरक्षित स्थान नभएको भन्दै ग्यारेज सञ्चालकहरु पन्छिन खोजेको भन्दै अनुगमनमा सहभागीहरुले चिन्ता व्यक्त गरेका छन् ।

अधिकांश ग्यारेजमा फालिएका टायरमा जमेको पानीमा लामखुट्टेको लार्भा र प्युपा हुर्किरहेको पाइएपछि टोलीले नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीसमेतको सहभागितामा केही ग्यारेजमा जमेका पानी हटाउने तथा सचेतना फैलाउने काम गरे पनि यसलाई निरन्तता दिएर पूरा गर्नु आवश्यक देखिन्छ । अव्यवस्थित र खुला आकाशमुनि राखिएका टायरका कारण सधैं डेंगु संक्रमणको चुनौती बन्ने हुँदा यसलाई सदाका लागि व्यवस्थापन गर्न आवश्यक छ । हेटौंडा उपमहानगरपालिकाले तत्कालका लागि ग्यारेज सञ्चालकहरुलाई टायर व्यवस्थापन गर्न लगाउने र दीर्घकालीनरुपमा अटो भिलेज स्थापनको प्रक्रियालाई तुरुन्त अघि बढाउनु उचित हुनेछ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ असोज ०६ गते बिहीबार २२ सेप्टेम्बर २०२२ । आश्विन कृष्णपक्ष द्वादशी । ञलगा ११४२ ने.सं. । सूर्योदय ५:५२, सूर्यास्त ५:५९ । द्वादशी श्राद्ध/सामाजिक सेवा दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : दिन उत्साहपूर्ण बन्नेछ | **तुला** | : सहयोगीको राम्रो साथ पाइनेछ |
| **वृष** | : आम्दानी राम्रो हुनेछ | **वृश्चिक** | : रोकिएका काम बन्ने योग छ |
| **मिथुन** | : प्रयत्न सफल हुनेछ | **धनु** | : लगानीको अवसर जुट्नेछ |
| **कर्कट** | : प्रतिष्ठित काम गर्ने मौका छ | **मकर** | : यात्रा अघि बढ्न सक्नेछ |
| **सिंह** | : पारिवारिक जमघट हुनेछ | **कुम्भ** | : वैदेशिक क्षेत्रबाट लाभ पाइनेछ |
| **कन्या** | : कामबाट फुर्सद मिल्नेछ | **मीन** | : छिमेकमा असमझदारी बढ्नेछ |

# वर्गीय अर्थतन्त्र सुधार



✍ जेसन देव बैद्य

> आजको हाम्रो समाजको आर्थिक अवस्था नै एउटा कारक हो जुन अरु समस्याहरु सँगै गाँसिएको हुन्छ । जब आर्थिक पाटो हामीले सुधार गर्छौं, गिजोलिएको गाँठो खुकुलो हुँदै जान्छ । जस्तै आफ्नो जुत्ताको फित्ता गाँठो पर्दा याद गर्नुभएको होला । जब एउटा भाग तानिन्छ, सबै खुकुलो भएर जान्छ ।

कुनै समय 'चार जात छत्तीस वर्णको साझा फूलबारी' भनिने यो सुन्दर देश र यस देशका हामी बासिन्दा हौं भन्दा मनभित्र असहज महसुस गर्छु । आज समाजको समस्याहरू गिजोलिएको हेर्दा र झनझन गिजोलिँदै जाने क्रमलाई नियाल्दा, कसरी उँभो लगाउने र काम गर्न ढिलो हुँदै छ, भन्ने कुराको बोध हुन्छ । अपार समस्याहरू छन्, तर समाधान उन्मुख हुँदै गएको गतिलाई हेर्दा कहिले समाधान होला वा नहोला भन्न सकिन्न । जटिलता बढ्दो छ र समस्या थपिँदै छ । २०६२/६३ यता हेर्ने हो भने द्वन्द्वकालका समस्याहरू थपिए । जातीय र धार्मिक जस्ता संवेदनशील विषयहरूमा पनि द्वन्द्व सृजना हुँदै गए । हाम्रो व्यवस्थालाई नै धमिराले खाँदै गयो । हाम्रो आर्थिक र सामाजिक जग नै कमसल बन्दै गयो ।

परिवारहरूभित्र नयाँ समस्याहरू उत्पत्ति हुँदै गइरहेका छन् । विकास हुँदै गए र सँग-सँगै विकसित समस्याहरू पनि आउँदै गए । हाम्रा भर्खरका भाइ बहिनीहरू मानसिक बिरामी हुने क्रम बढ्दो छ । भुटानी, रोहिन्ज्यादेखि अफगानिस्तानका शरणार्थीहरूको समस्या थपिँदै आए । यी अथाह समस्याका सागर पार गर्न भावी नेतृत्वको काँधमा छ । अब आउने पाँचवर्ष हाम्रो देशको लागि, परिवारको लागि र हरेक नागरिकहरू सबैको लागि अत्यन्त महत्त्वपूर्ण समय हो र हाम्रो भविष्य निर्धारण गर्नेछ ।

मानव जातिको विकास सँग-सँगै, मानिसहरूले आफ्नो जटिल, गाह्रो वा भारी कामहरूलाई सजिलो पार्न औजारहरू सृजना गर्दै आएका छन् । औजार प्रयोग गर्दै गर्दा विभिन्न अरू नयाँ औजारहरू आविष्कार हुँदै ज्यादाको फलस्वरूप आज हामी हरेकको हात हातमा औंलाले थिचेको भरमा चल्ने, विभिन्न औजार एकै ठाउँमा व्यवस्थित भएर आएका छन् ।

यसै अवधारणालाई मध्य नजर गर्दै, समाजका समस्यालाई सुल्झाउन 'सजिलो वातावरण' सृजना गर्न सहयोग गर्ने 'अर्थतन्त्र अवस्था सुधार' एउटा औजार हो भन्ने कुरामा म विश्वस्त छु । आजको हाम्रो समाजको आर्थिक अवस्था नै एउटा कारक हो जुन अरू समस्याहरू सँगै गाँसिएको हुन्छ । जब आर्थिक पाटो हामीले सुधार गर्छौं, गिजोलिएको गाँठो खुकुलो हुँदै जान्छ । जस्तै आफ्नो जुत्ताको फित्ता गाँठो पर्दा याद गर्नुभएको होला । जब एउटा भाग तानिन्छ, सबै खुकुलो भएर जान्छ । हो यसै गरी यो औजारले पनि यसरी नै काम गर्छ । अर्थतन्त्रलाई औजार बनाएर काम गर्ने क्रममा, हामीले समाजलाई हेर्ने दृष्टिकोण फरक बनाउन जरुरी छ । अर्थतन्त्रले हेर्ने नजरले हेर्दा समाजलाई, आर्थिक आम्दानी र अवस्थाले, न्यून, मध्यम र उच्च आम्दानीको आधारमा तीन वर्ग वर्गीकरण गरिएको हुन्छ ।

हरेक वर्गले गर्ने काम, व्यापार व्यवसाय भिन्न खालको हुन्छ । आगामी दिनमा हाम्रा नीति र कामहरू वर्गहरूलाई केन्द्रित गर्दै लानुपर्छ । जुन वर्गको अर्थतन्त्र चालू गराउनुपर्ने हुन्छ । त्यसैलाई आधारित नीति तथा कार्यक्रम बनाउनुपर्छ । रोजगारी र अवसर सृजना गर्न सरकारले एन्ड्रोइड वा ओ.स. एयापमा प्लेटफर्म सञ्चालन गरी सेवाग्राही र सीपयुक्त सेवा प्रदायक व्यक्तिबीच जोड्न सकिन्छ र गैर नाफामूलक कमिसनरहित रोजगारी सृजना गर्ने संस्था बनाउन सकिन्छ । यसमा नागरिकहरूले आफूले दिने सेवा, गर्न सक्ने कामहरू जस्तै पल्मबिङ, बिजुलीको काम, रंग रोगन कार्य, कुक, सिकर्मी, आदिलाई दर्ता गरी राख्न सकिन्छ र सेवा चाहिनेहरूले त्यसबाट आफ्नो पायक पर्ने गरी सेवा लिन सकिन्छ ।

आफ्नो सीपबाट सेवा प्रदान गर्ने एउटा व्यक्तिले आफ्नो पूर्ण क्षमता अनुसार काम गर्न सकिन्छ । नयाँ प्रविधिलाई हालको 'पठाओ' एयाप विकास गरी देशव्यापी उक्त वर्गले प्रभाव गर्ने सेवा सुविधा नागरिकहरूको हात हातमा पुऱ्याउन सकिन्छ । यो काममा लेनदेन प्रत्यक्ष सेवा प्रदायक र सेवाग्राहीबीच हुने गर्नुपर्छ । यसैले नै एक किसिमको आर्थिक चक्र स्वचालित गर्छ । 'अर्थतन्त्र सुधार कार्यक्रम' कार्यान्वयन गर्न र आफ्नो लक्ष्य प्राप्तिको लागि तीन समय अवधिमा कामलाई विभाजन गरी अघि बढौं-यथाशीघ्रका (पहिलो चरण), मध्यावधि र लामो समय अवधि (दीर्घकालीन) । पहिलो चरणमा गरिने केही कामहरूले दुई वर्ग, न्यून र मधमलाई आर्थिक अवस्था सुधार गर्न मदत पुऱ्याउने छ । यस वर्गभित्र पनि सहरी क्षेत्रमा र ग्रामीण भेगमा गर्ने कामहरू फरक किसिमको हुन्छ । यी दुवै ठाउँ राज्यले ठूला ठूला नीतिभन्दा स-साना कार्य योजना बनाउँदै लगे, उक्त वर्गको जीवन स्तर उकास्दै लान सकिन्छ ।

सहरी क्षेत्रमा माथि उल्लेख गरेको सीपमूलक क्षेत्रलाई व्यापक बजारीकरण गरे सो व्यवसायिहरुको आम्दानी बढ्दै जान्छ । ग्रामीण क्षेत्रमा 'एक गाउँ एक उत्पादन'लाई साँच्चीकै यथार्थमा बदल्न अहिले अचुक मौका छ । नेपाली सेनालाई २०१८ मा काठमाडौं-निजगढ द्रुतमार्ग बनाउँदा काटिएका रुखहरूकाबापत, नेपाली सेनाले १ रुख बराबर अर्को २५ वटा रुख रोप्दा ती सबै फलफूलका रुख रोपिए हामीले आउने दिनमा फलफूल निर्यात गरिरहेका हुन्छौं । यो कामको लागि हामीले नेपाली सेनाको विकास निर्माण विभागलाई ध्यानाकर्षण गराएका थियौं । एक र एकलाई एघार बनाउन सक्ने ठाउँमा यस्तो काम गरौं । यी सबै गरी रहँदा हाम्रो आन्तरिक बजार व्यवस्थापनका कमजोरी सुधार्न र निर्यात गर्ने बजार व्यवस्थापन गर्न उत्तिकै महत्त्वपूर्ण छ । गाउँ-गाउँमा साना उद्योग सञ्चालन हुन थाले त्यस वर्गमा पनि एउटा आर्थिक चक्र स्वचालित हुन्छ ।

सहरी क्षेत्रमा काम लाग्ने सरकारी स्वामित्वका सम्पत्तिहरू यतिकै खाली खाली अवस्थामा छन् । ललितपुर क्षेत्र ३ मा खाली ९ वटा पुराना खाद्य संस्थानका गोदामलाई नयाँ उद्योग व्यवसाय स्थापना गर्न, सहुलियत बिजुली (सके सम्म वैकल्पिक ऊर्जा प्रयोग गरी) वैज्ञानिक फोहोर व्यवस्थापन, हरियाली क्षेत्र, वातावरणमैत्री नयाँ युगको औद्योगिक क्षेत्र निर्माण गर्ने । अहिलेको महँगाइमा आफैंले पूर्वाधार निर्माण गरेर उद्योग सञ्चालन गर्दा स्वदेशी उत्पादित वस्तुहरू आयातितको दाँजोमा महँगो पर्न गएको छ । पूर्वाधार बनाउन नपरे त्यो स्रोत आफ्नो उत्पादन क्षमता बढाउन सक्छ । यसैमाथि सस्तो घर बहाल र सहुलियतको बिजुलीले स्वदेशमा उत्पादनमा खपत हुन्छ । यसबाट निर्यात गर्ने आयाम खोल्न सकिन्छ । रोजगारी सृजना हुन्छ । अर्को आर्थिक चक्र यता पनि सञ्चालन हुन्छ ।

यी उद्योगहरूले सस्तो दरमा स्वदेशी बजारमा बेच्ने र निर्यात स्तरको सामान बनाइ निर्यात गर्ने । उनीहरूको क्षमता विकास र उत्पादन शक्ति बढाउन प्रोत्साहन गर्ने । यति गर्नाले सोही उद्योगमा केही थपलाई रोजगारी सृजना हुन्छ । नागरिकले अलि सस्तोमा स्वदेशी समान पाउने छन् भने उद्योगलाई पनि फस्टाउने मौका हुनेछ । आजभोलि यस क्षेत्रभित्र, नयाँ उत्पादनमुखी मध्यम लगानीका व्यवसायहरू आएका छन् ।

छालाका वस्तु, छालाका जुत्ता, ब्याग, टिसर्ट, तामाका भाँडाहरू बनाउने यी साना उद्योगहरूलाई प्रवर्द्धन गरी निर्यात गर्ने क्षमता विकास गर्न सकिन्छ । जसले गर्दा केही हदसम्म बेरोजगारीको दर कम होला । आइटी प्रविधिमा विशेष ध्यान पुऱ्याएर व्यवस्थापन गर्न सके त्यसले पनि अर्थतन्त्रमा राम्रै देन दिन्छ । सांगीतिक क्षेत्रमा हामीले धेरै विकास गरी रहेका छौं । त्यसको लागि हामी बजार व्यवस्थापनका नयाँ तरिका अपनाएर आफ्नो बजार बनाउन सक्छौं ।

वर्ग-वर्गलाई केन्द्रित काम गर्दा हामीलाई त्यसको प्रगतिबारे थाहा हुन सजिलो पनि हुन्छ । अर्थतन्त्रको विकासलाई हाम्रो छिमेकी राष्ट्र चीनको तरिकाबाट हेर्ने हो भने, उनीहरूले नागरिकको जीवन स्तरसँग जोडेको देखिन्छ । उनीहरू आफ्ना नागरिकहरूले कति मनोरञ्जनमा खर्च गरिरहेका छन् । कतिले देश विदेश घुम्न गएका छन् । कतिले नयाँ सवारी साधन किनेका छन् । कतिले नयाँ घर किने वा बनाएका जस्ता कुराबाट हेर्ने गर्छन् । यसरी अरू मुलुकले कसरी कुन-कुन बाटो रोजेर विकास गरेका छन् भन्ने कुरालाई हेरौं र अध्ययन गरौं र मध्यकालीन समयमा दीर्घकालीन कामको योजनाको लागि तयारी गर्नुपर्छ ।


हाम्रो अहिलेको वस्तु स्थिति हेर्दा जस्तो छ, इ.स. १९८६ ताका आयरल्यान्ड भन्ने देश त्यस्तै स्थितिमा थियो । जसरी आज हाम्रो नागरिकहरू विदेश पलायन हुने क्रम छ, त्यस्तै अवस्था थियो । तर त्यो दशक बित्न अगाडि, त्यहाँको संसद्ले बाहिर जाने क्रमलाई हेरेर र आगामी भविष्यमा संसारमा के ज्ञानको आवश्यकता हुन्छ भन्ने कुरालाई मध्य नजर गरेर गहन अध्ययन गरेको थियो ।

सो अध्ययनले भविष्यमा संसारमा आइटी क्षेत्र र इलेक्ट्रोनिक्समा धेरै जनशक्ति खाँचो हुने देखियो । सोही अनुसार आयरल्यान्डले ठाउँ-ठाउँमा सोही विषयलाई मध्यनजर गर्दै विश्व विद्यालय खोल्ने र टेक्निकल इन्स्टिच्युट खोल्ने काम गर्यो । उनीहरूको विज्ञहरू तयार भएर निस्कँदा अमेरिकामा आइबिएम, य्यापल जस्ता कम्पनी माथि आउँदै थिए । सो जनशक्ति उता निर्यात भए, जाने क्रम चल्दै गयो । केही वर्षमा आयरल्यान्डले आफ्नो विदेशी लगानीको नीतिमा सुधार ल्यायो । अन्तत: विदेश कम्पनीहरू आयर ल्यान्डमा ओइरिए ।

अब हामीले पनि गर्नुपर्ने त्यस्तै छ । मानव स्रोत विकास गरौं, आज इन्टरनेटले गर्दा यी आइटीका कामहरू स्वदेश बसेर गर्न सकिन्छ । आयरल्यान्डले जस्तो आफ्नो जनशक्ति विदेश पठाउन पर्ने एउटा खुड्किला चढ्नु पर्दैन । सोझै तेस्रो स्थानमा पुग्छौं । दीर्घकालीन योजना यो हुन्छ । यी सबै भनिरहँदा र आगामी चुनावमा उठिरहँदा मनमा लागेको कुरा राख्न अनुमति लिएँ । यो लेख लेखिरहँदा, चुनाव आउन ६९ दिन बाँकी छ । हेर्दै जाँदा लाग्छ कि, 'परिवर्तन गर्न गाह्रो छैन, परिवर्तन गर्ने ठाउँमा पुग्न कठिन छ ।' इतिहासमा आउने दिन कस्तो लेख्ने हो अब हाम्रो हातमा छ । अब पहिलेको गल्तीबाट सिकेर आजको दिनबाट विकासका कार्यक्रमहरू मूलत: नागरिकहरूको आवश्यकताहरूलाई सम्बोधन गर्ने गरौं । त्यसैले यो निर्वाचनबाट पुरानो अभ्यासलाई तोड्दै देशको भविष्य, यहाँका नागरिक, समाज र राष्ट्रको प्राथमिकतालाई केन्द्रमा राखेर काम गरौं ।

*-साभार: नेपाललाइभ*

# स्वर्णभूमि नेपालको वन, कृषि र पर्यटन



✍ प्रा. डा. हरि शर्मा

विगतमा 'हरियो वन नेपालको धन' नाराले समस्त देशभरि वनको महत्त्वबारे नेपाली जनतालाई सचेत, उत्साहित एवं जागरूक बनाएको सर्वविदितै छ । अहिले पनि वृक्षरोपणका लागि जनस्तरबाट अनगिन्ति कार्यक्रमहरू हुन्छन् । संयुक्त राष्ट्र संघले विश्व वातावरण दिवसका दिन गत वर्ष घोषणा गरेको पर्यावरणीय पद्धति (इकोसिस्टम) दशक मनाउने घोषणालगत्तै वन संरक्षण र प्रवर्द्धनको क्षेत्रमा संसारभरिका मुलुकहरूले सराहनीय तवरबाट काम गरेको देखिन्छ । नेपाल दक्षिण एसियामा भुटान र श्रीलंकापछिको घना वन हुने तेस्रो मुलुक हो । दक्षिणपूर्व एसियामा इन्डोनेसिया, थाइल्यान्ड र भियतनाम पर्छन् भने समग्र एसिया महादेशमा लाओस वनरूपी धन हुने पहिलो देश हो ।

लाओसको ९२.१ प्रतिशत भूभाग वनले भरिएको बताइन्छ । हामीकहाँ वृक्षारोपणका कुरा धेरै काम थोरै हुने गर्छ । यो यथार्थ हो तापनि कुनै-कुनै ठाउँमा त स्थानीय नेतृत्वको अगुवाइमा ५ हजार वृक्षारोपण गर्ने ठाउँमा बढ्दो सहभागिताको चापले झन्डै ५ लाख बिरुवा रोपिएको समाचारले मन आल्हादित हुन्छ । वन मास्नु आफू मासिनु, वन संरक्षण गर्नु देशको संरक्षण गर्नु हो भन्ने हाम्रा वन मासुवा नेताहरूले कहिले बुझ्लान् ? नेपालको कुल भूभागको २५.४ प्रतिशत क्षेत्र अर्थात् ३६ लाख ३६ हजार हेक्टर वनले भरिएको छ । विश्वमै जैविक विविधताका क्षेत्रमा नेपाल २५ औं स्थानमा रहेको छ । वन नि:सन्देह नेपालको धन हो । यसैले हाम्रा नदीनालाहरूको संरक्षण गरेको छ । बर्सात् गराएको छ । प्रकृतिमा हरियाली बढाएको छ । पशुपन्छीहरूलाई दिगो बासस्थान दिएको छ । जैविक विविधता फैलाएको छ र पर्यावरणलाई स्वस्थ बनाइराखेको छ । केही अराष्ट्रिय तत्त्वहरूले भने वनलाई मासेर मुद्रा कमाउने माध्यम बनाएको देखिन्छ ।

विषम दु:खको कुरा त के भने स्थानीय डनहरूद्वारा वन क्षेत्रका दुर्लभ जातका रूखहरू ढालिएका छन् । वनक्षेत्र अतिक्रमण भएका छन्, पशुपन्छीका दिगो बासस्थानहरू हराउँदै गएका छन् । यस्ता कुकृत्यहरू गर्नेप्रति सरकारले मौन नरही कठोर कारबाहीको कदम चाल्नु अनिवार्य छ । नेपालका वन-जंगल हाम्रा गौरवमय धरोहर हुन् । अहिले हाम्रो देशमा झन्डै १७ वटा राष्ट्रिय निकुन्ज, संरक्षित क्षेत्र र वन्यजन्तु संरक्षण क्षेत्रहरू रहेका छन्, जसमा अन्नपूर्ण संरक्षण क्षेत्र वनजंगल फैलिएको सबैभन्दा ठूलो भूभाग हो । धन्य जनता जनार्दन ! जसले वनलाई संरक्षित राख्न आफ्नो बुताले भ्याएसम्म योगदान गरिराखेका छन् । यस पंक्तिकारले मुलुकको कृषिक्षेत्रको उत्थानबारे यसै स्तम्भमार्फत धेरै शब्द-संग्राम गरिसकेको छ ।

भारतले नेपालमा गहुँ निर्यात नगर्ने निर्णयबारेको समाचार पढेपछि विगतको स्मरण हुन्छ, जब नेपालले भारतमा भोकमरी नफैलियोस् भनेर हजारौं मेट्रिक टन धान-चामल उपलब्ध गराउने गरेको थियो । स्वयम्लाई पुग-नपुग भएको अवस्था हुँदाहुँदै हाम्रा अदुवा, अलैंची, सुपारी र कैयौं जडीबुटी भारत पुगेकै छन् । हामी भारतको कतिपय अनपेक्षित व्यवहारलाई मौनतापूर्वक सहन बाध्य छौं । विस्तृत सहरीकरण, औद्योगीकरण र डोजरे विकासप्रतिको मोहलाई घटाउन नसकेर तथा असंख्य युवाशक्तिको अविरल निर्यातबाट उब्जेको हाम्रो ह्रासोन्मुख कृषि उत्पादकत्वलाई आधुनिक यान्त्रीकरणका माध्यमबाट कृषिमा स्वावलम्बित हुन सकिरहेका छैनौं । कृषिप्रधान देशको सरकारका कार्यक्रममा कृषकहरूका लागि भनेर कहीं पनि प्रत्यक्ष प्रोत्साहनको व्यवस्था छैन । संयुक्त राष्ट्रसंघअन्तर्गतको खाद्य तथा कृषि संगठन (एफएओ) ले नेपाललाई कृषिमा निर्भर बनाई दिगो विकास कार्यक्रमका लक्ष्य परिपूर्तिमा हर किसिमले सघाउँदै आइरहेको छ तापनि कृषकहरू जनशक्ति, ज्ञान, सीप, तालिमको कमी एवं नयाँ प्रविधिहरूको प्रयोगको अनभिज्ञता तथा समयमा मलको सहज र सुलभ उपलब्धता हुन नसक्नुले यता केही वर्षदेखि हाम्रो कृषिमा मलिनता छाएको छ । उपज-उत्पादनलाई बिचौलियाहरूले कौडीको मोलमा झिकाएर कृषकहरूलाई झुक्याइरहेका छन् । सरकारले कृषकहरूबाट उत्पादित अन्न बाली सोझैं खरिद गरी आम जनतामाझ वितरणको व्यवस्था मिलाउने प्रक्रिया निष्क्रियप्राय: छ । मल खोज्न भारत भ्रमणमा गएका मन्त्री नेपालमा रोपाइँ सकिएपछि रित्तो हात फर्किन्छन् । कृषिक्षेत्रलाई दुरुस्त राख्न नेपाल सरकारको कुनै पनि निकाय गम्भीर छैन ।

आव सन् २०१९/२० मा नेपालले रु. २ सय ५० अर्ब र आव सन् २०२०/२१ मा रु. ३ सय २५ अर्ब बराबरको कृषिजन्य वस्तुहरूको आयात गरेको अभिलेख छ । के यसलाई यसरी नै बढ्दै जान दिने हो अथवा नेपाल सरकारले यसतर्फ ध्यान दिएर तमाम नेपाली जनताको टाउकोबाट बाह्य ऋणको भार घटाउने हो ? धन्य छन् ती कर्मठ नेपाली युवाहरू, जसले विदेशबाट आर्जन गरेर ल्याएको धनलाई नेपालको कृषि विकासमा लगानी गरेका छन् । यस्ता युवाहरूलाई प्रत्येक वर्ष राष्ट्र सेवा पदकद्वारा सम्मानित गरी प्रोत्साहित गरिनुपर्ने होइन र ? हाम्रा कतिपय स्वनामधन्य कहलिएका नेताहरूले कृषि फार्मका नाममा ऋण लिएर पचाइसके । तर, विदेशबाट फर्किएका युवाहरूले कृषिक्षेत्रमा दिगो विकासका लागि आफूले सिकेका सीपहरूको प्रयोग गरेर लाभ आर्जिरहेका छन् ।

त्यो स्तुत्य छ । सरकारले थोरै भए पनि यसतर्फ केही उत्प्रेरणा जगाउन सकेको खण्डमा हामीले सोचेको कृषिक्रान्ति धेरै टाढाको विषय रहनेछैन । आमनेपालीले पनि करेसाबारी खेती गर्ने र छानामा तरकारी फलाउने कामलाई एउटा आकर्षक संस्कृतिको रूपमा हुर्काइरहेका छन् । यो नि:सन्देह कृषि उत्पादनतर्फको एउटा सकारात्मक पाइला हो । हालै संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीले गरेको पर्यटन प्रवर्द्धनका लागि ७४ सूत्रीय घोषणाको लगत्तैपछि उहाँकै अग्रगामी भूमिकामा सातै प्रदेशका पर्यटन मन्त्रीहरूको संयुक्त सम्मेलन काठमाडौंमा सम्पन्न भएको सुसमाचारले पर्यटनमा विशेष रुचि राख्ने सबैलाई आशालाग्दो उत्सुकताले छोएको छ ।

किनभने पर्यटनलाई विस्तार गर्दा स्थानीय, प्रदेश एवं केन्द्रबीच निकटतम सहयोग र समन्वयको अपरिहार्यतालाई सबैले आत्मसात् गरेकै हुनुपर्छ । पर्यटन पुनरुत्थानका लागि सरकारका तीनै तहलाई संविधानले अधिकार सम्पन्न बनाएको भए तापनि कामको थालनी गर्ने द्विविधाले गर्दा प्रदेश र स्थानीयले केन्द्रकै मुख ताकेर बसेको देखिन्छ । मन्त्रीहरूको उपर्युक्त सम्मेलनले पर्यटन दशकको तयारीलाई सरकारको अनुमोदनका लागि पठाउने र पर्यटन नीति-२०६५ को पुनरावलोकन गरी त्यसमा परिमार्जन गर्ने र नयाँ रणनीति बनाउने पनि सहमति भएको समाचार छ । नेपालको पर्यटन क्षेत्र एउटा नयाँ कलेवरमा प्रस्तुत गर्ने उद्देश्यले अन्य धेरै सकारात्मक निर्णयहरू भएका छन् । यद्यपि, यसभन्दा अघिका मन्त्रीहरूको सक्रियतामा अन्तर्राष्ट्रिय, क्षेत्रीय र स्थानीय तहमा धेरै विमानस्थलहरू निर्मित भए ।

तर, जहाजहरूको अभावमा ती सबै विमानस्थल चालू अवस्थामा छैनन् । सरकारको लगानी अर्थात् जनताले तिरेको कर सही ढंगले प्रयोग भएको ठहरिएको छैन । राष्ट्रिय ध्वजावाहकको सशक्तीकरणको प्रसंग भने कतै सुनिएन । थप जहाजबिना अधिकतम अन्तर्राष्ट्रिय पर्यटक भित्र्याउन तथा नयाँ गन्तव्यहरूमा उडान भर्न अहिलेको अवस्थामा असम्भव नै छ ।

नेपालको प्रवेशद्वार राजधानीलाई अन्तर्राष्ट्रिय स्तरको बनाइछाड्ने नगरपालिका र महानगरपालिकाले चालेका प्रभावकारी पाइलाहरूलाई मत्थर तुल्याउन केही गठबन्धनेहरूले आ-आफ्नो समूहबाट कार्यकर्ताहरूलाई आगामी चुनावमा टिकटको प्रलोभनमा पारेर परिचालित गरिरहेका छन् भन्ने व्यापक चर्चाको विषय पनि बनेको छ । आमनिर्वाचनका लागि मात्र तीन महिना बाँकी छ ।

-बाँकी ३ पेजमा...

# विद्यार्थीहरुद्वारा ॐ वृद्धाश्रमलाई खाद्यान्न तथा नगद सहयोग




साझाकुरा संवाददाता

हेटौंडा, ४ असोज/ हेटौंडा एकेडेमी आवासीय माध्यमिक विद्यालय, सहिद स्मारक हेटौंडाका विद्यार्थीहरूको 'हेटौंडा एकेडेमी सोसल क्लब'द्वारा हेटौंडा-२, चौकीटोल स्थित ॐ वृद्धाश्रममा आयोजित 'सहयोगी हातहरु कार्यक्रम' मार्फत ओम वृद्धाश्रममा आश्रित जेष्ठ नागरिकहरुको लागि खाद्यान्न तथा नगद सहयोग गरेको छ । ॐ वृद्धाश्रमम विगत १५ वर्षदेखि मकवानपुर जिल्लामा जेष्ठ नागरिकहरूलाई आश्रय दिदै आइरहेको संस्था हो ।

'तपाई एक्लै हुनुहुन्न...' भन्ने मुल नाराका साथ आयोजित उक्त कार्यक्रममा प्रमुख अतिथिको रूपमा हेटौंडा उप-महानगर पालिका वडा नं १ का अध्यक्ष सबिन न्यौपानेले हामी सबै भविष्यका वृद्ध-वृद्धा हौ त्यसैले वृद्ध-वृद्धाको खुशीको लागि आ-आफ्नो ठाउँबाट सकारात्मक पहल हुनुपर्छ भन्दै स्कूलका विद्यार्थीहरुको अग्रसरतामा यस्ता कार्यक्रम आयोजना हुनु अत्यन्त सुखद कुरा भएको र आगामी दिनमा अझ धेरै यस्ता कार्यक्रम गर्न 'हेटौंडा एकेडेमी सोसल क्लब'लाई सफलता मिलोस भन्ने शुभेच्छा प्रकट गरे ।

उक्त कार्यक्रमलाई सम्बोधन गर्दै हेटौंडा एकेडेमीका प्रमुख कार्यकारी अधिकृत रमेश रिमालले जेष्ठ नागरिकहरूको सम्मान बिना देश र आउदो पुस्ता सुसंस्कृत हुन नसक्ने हुँदा आ-आफ्नो परिवार र समुदायमा जेष्ठ नागरिक प्रति सम्मान र सेवाभाव वृद्धिहुने कार्य गर्नुपर्ने बताए । 'बाल केन्द्रित, अभिभावक मैत्री र सामाजिक रूपमा जिम्मेवार' विद्यालयको रूपमा हेटौंडा एकेडेमीलाई थप उचाइमा पुऱ्याउने आफ्नो योजना रहेको र त्यसैको आधारको रूपमा यस्ता कार्यक्रमहरु गर्न विभिन्न विद्यार्थी क्लबहरुमार्फत विद्यार्थीहरुलाई प्रोत्साहित गर्ने गरिएको बताए ।

उक्त कार्यक्रमलाई हेटौंडा एकेडेमीकी प्राचार्य गौरीदेवी चिमरिया, ॐ वृद्धाश्रमका अध्यक्ष सिद्धिलाल श्रेष्ठलेसमेत सम्बोधन गरेको थियो । हेटौंडा एकेडेमीकै कक्षा १० की छात्रा बिबिका पराजुलीले संचालन गरेको र स्कूल क्याप्टेन एवं कक्षा १० का छात्र शेख अरमानको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रममा कक्षा १० की छात्रा हिमाली जैसवालले स्वागत मन्तव्य व्यक्त राखेको थियो ।

## प्रदेश सरकारको सहयोगमा विपन्न परिवारलाई आवास हस्तान्तरण

भक्तपुर, ४ असोज (रासस)/ मध्यपुरथिमि नगरपालिका क्षेत्रभित्र रहेका अतिविपन्न परिवारलाई आवास हस्तान्तरण गरिएको छ । बागमती प्रदेश सरकारको सहयोगमा अतिविपन्न चार परिवारलाई आज आवास हस्तान्तरण गरिएको हो ।

प्रदेश सरकारको बजेटमा निर्माण भएको चार वटा एकतले घर चार परिवारलाई मंगलबार बागमती प्रदेशसभाका निवर्तमान सदस्य डा. राजेन्द्रमान श्रेष्ठले आवासको साँचो हस्तान्तरण गरेको हो ।

बागमती प्रदेश सरकारद्वारा प्राप्त १७ लाख २० हजारबाट मध्यपुरथिमि नगरपालिको बोडे, नगदेश, चपाचो र ताहाननीमा एक एक जना अति विपन्नलाई आवासको साँचो हस्तान्तरण गरिएको हो । डा श्रेष्ठले मध्यपुरथिमिमा अझै धेरै नै अतिविपन्न परिवार रहेकाले त्यस्ता परिवारका लागि आवासको व्यवस्था गर्न स्थानीय, प्रदेश र संघीय सरकारले बजेट विनियोजन गर्नुपर्ने बताए ।

अति विपन्न आवास व्यवस्थापनमा सक्रिय रहनुभएका मध्यपुरथिमिमा नवीन प्रकाश श्रेष्ठले मध्यपुरथिमिमा यसअघि पनि चार परिवारलाई आवासको व्यवस्था गरेको र अहिले पनि चार परिवारलाई आवास निर्माण गरी हस्तान्तरण गरेको बताए ।

# एलिशा बनिन् चौंथो मिस मकवानपुर

साझाकुरा संवाददाता





हेटौंडा, ४ असोज/ यस वर्षको मिस मकवानपुरको उपाधी एलिशा पराजुलीले उचालेकी छिन् ।

१५ जना प्रतिष्पर्धीलाई पछि पार्दै पराजुली चौथो मिस मकवानपुर बनेकी हुन् । कलिउड सुपर डान्स एण्ड फिटनेस प्रा.लिको आयोजनामा सोमबार राती सम्पन्न मिस मकवानपुर सिजन ४ को विजेता बनेकी उनले ताज सहित ७० हजार नगद, डाइन एण्ड वाईन रेष्टुरेन्टमा रात्रिभोजको व्यवस्था, फोटो सुट, कुनै पनि विधामा आयोजक कम्पनीमा नि:शुल्क प्रशिक्षणको व्यवस्था, तीन दिनको आन्तरिक भ्रमणको प्याकेज र नि:शुल्क दक्ष मेकप ट्रेनिङ लगायत पुरस्कारहरु प्राप्त गरेकी छिन् । प्रतियोगितामा मिस मकवानपुरको फस्ट रनरफ सारंशा पाण्डे भएकी छिन् । उनले ताज सहित ३५ हजार नगद, फोटो सुट, तीन दिनको आन्तरिक भ्रमण प्याकेजसहित पुरस्कारहरु प्राप्त गरेकी छन् भने सेकेन्ड रनरफ प्रजिता मैनालीले ताज सहित २० हजार नगद, फोटो सुट, तीन दिनको आन्तरिक भ्रमण प्याकेज र अन्य पुरस्कारहरु प्राप्त गरेको आयोजकले जनाएको छ । मिस नेपाल अर्थ २०२० की सुप्रिया श्रेष्ठ प्रमुख निर्णायकका रहेको प्रतियोगितामा मोडल तथा नायक अमिर गौतम, पंकज सिंह ठकुरी र एन्जिला श्रेष्ठले निर्णायकको भूमिका निर्वाह गरेका थिए । प्रतियोगितामा भ्युवर च्वाईस टाइटल सारंशा पाण्डले हात पारेकी छिन् ।

त्यस्तै, कोरियोग्राफर च्वाईस टाइटल आश्का कार्कीले हात पारिन् । प्रतियोगितामा अर्गनाइजर च्वाईस रितिका दुलालले हात पारिन् । प्रतियोगिताको मुख्य प्रायोजक नेपाली उत्पादन क्यालिवर्स सुज र सह प्रायोजकको रुपमा सिस्टर हुड फेसन स्टोर्स रहेको थियो ।

# टिकटकमा बढ्न थाल्यो पाइरेसी




काठमाडौं, ४ असोज (रासस)/ गीतसङ्गीत सामाजिक सञ्जालमा पनि उत्तिकै सुन्न र हेर्न पाइन्छ । भिडियो सेयरिङ प्लेटफर्म टिकटकमार्फत गीतसङ्गीतलाई प्रचारप्रसार हुने भएर सर्जक पनि जोडिएको पाइन्छ । प्रचारप्रसारमा सहयोगी देखिएको टिकटकमा आजभोलि चलचित्रका दृश्यहरू देख्न पाइन्छ ।

स-साना क्लिप आउँदा प्रचारप्रसार भएको मान्ने चलचित्र केही समययता महत्वपूर्ण दृश्य भेटिँदा चिन्तित बनिरहेको छ । क्लिप खण्डखण्ड गरेर टिकटकमा आउँदा यसले चलचित्र नै पाइरेसी भइरहेको छ । दर्शकले रुचाएको चलचित्रको दृश्य बढी लोकप्रिय हुने भएकाले टिकटकमा राख्ने गरिन्छ । 'ए मेरो हजुर ४', 'कबड्डी ४' पश्चात् पछिल्लो समय झिँगेदाउलाई टिकटकले समस्या दिइरहेको छ ।

भिसिडी, पेनड्राइभ र युट्युबभन्दा घातक टिकटकको पाइरेसी देखिएको निर्देशक ज्ञानेन्द्र देउजा बताउछन् । "स-सानो क्लिप आउँदा प्रचारप्रसार नै भएको हो । तर खण्डखण्ड गरेर हाल्दा सम्पूर्ण चलचित्र नै पाइरेसी भइरहेको छ । हामीले यस विषयमा नसोच्ने हो भने भोलि यो क्रम झनै बढ्ने छ", उनले भने । युट्युबमा पनि पछिल्लो केही समययता पाइरेसी भए पनि त्यहाँ रिपोर्ट (उजुर) गरेको केही समयमै हट्ने गरेको उनले बताए । "हामीले आफैँले वा प्रहरीको साइबर ब्युरोमार्फत रिपोर्ट गरेपछि चलचित्रको दृश्य हट्ने गरेको छ । तर यसमा केही समय भने लाग्छ । दुई र तीन दिन लाग्दा त्यो क्लिप निकै भाइरल भइसकेको हुन्छ । त्यसैले यसमा सतर्कता बढाउनु आवश्यक छ", निर्देशक देउजाले भने ।

पछिल्लो समय छिटपुटरुपमा चलचित्रको क्लिप टिकटकबाट हटाउनुपर्ने गुनासो आइरहेको नेपाल प्रहरी प्रधान कार्यालय साइबर ब्युरोको प्रवक्ता पशुपतिकुमार रायले बताए । 'हामीलाई प्राप्तअनुसार हामीले चलचित्रको दृश्य हटाउने गरेका छौं । यो सामाजिक सञ्जालमार्फत भए तापनि कपि राइट्स्अन्तर्गत बढी पर्छ । यद्यपि हामीलाई प्राप्त गुनासोका आधारमा तुरुन्तै कारवाही गर्ने गरेका छौँ', प्रवक्ता रायले भने । यो समस्यालाई हटाउन प्रहरीसहितको सहयोगमा हल सञ्चालकले सचेतना बढाउनुपर्ने निर्देशक देउजाको भनाइ छ ।

उनले यो समस्याका बारेमा नेपाल चलचित्र निर्माता संघ र नेपाल चलचित्र संघमा पनि कुरा गरिसकेको छ । पाइरेसी गरिरहेको भए तापनि टिकटकमै देखेर चलचित्र हेर्न आएका हौं भन्ने पनि प्रतिक्रिया पाइरहेको नेपाल चलचित्र संघका महासचिव नरेन्द्र महर्जनले बताए । "हामीले चलचित्र चल्नु अगाडि सचेतना सन्देश दिनुपर्छ । चलचित्र हेर्दै गर्दा कसैले दृश्य कैद गरिरहनुभएको छ भने उहाँलाई सम्झाउने वा जरिवाना गर्ने हुनुपर्छ", निर्देशक देउजाले भने । सचेतनामार्फत पनि अटेरी गर्नेलाई कानुनी कारवाही गर्नु पर्ने उनको भनाइ छ ।

उनी पछिल्लो समय फिचर्समा अपडेट भएर लामो भिडियो हाल्न पाइने भएपछि भने केही समस्या बढेको स्वीकार्नु हुन्छ । "प्रचारप्रसार पनि गरिरहेको छ भने केही असर पनि गरेको छ । हामीले हलमा आउनु हुने दर्शकलाई भिडियो नखिच्न आग्रह पनि गरिरहेका छौँ । हाम्रो कर्मचारी बेलाबखतमा गएर मोबाइल निकाल्ने दर्शकलाई आग्रह पनि गर्नुहुन्छ ।" महासचिव महर्जनका अनुसार टिकटकलाई नै पत्राचार गरेर केही गर्न सकिन्छ कि भन्ने सल्लाह संघले गरिरहेको छ ।

गत वर्ष प्रदर्शनमा आएको दक्षिण भारतीय चलचित्र 'पुष्पा'को अधिकांश दृश्य टिकटकमा लोकप्रिय भएपछि भिडियो क्लिप बनाउनेक्रम बढेको हो ।

भारतीय चलचित्र आर आरआर र केजीएफ स् च्याप्टर २ को टिकटकमा भेटिएको दृश्यहरु जोड्ने हो भने झण्डै चलचित्र नै बन्छ । विदेशी मात्र होइन, स्वदेशी चलचित्र 'ए मेरो हजुर ४', 'कबड्डी ४' को पनि अन्तिम दृश्य टिकटकलगायत सामाजिक सञ्जालमा भाइरल हुँदा निर्माता तथा निर्देशकमा चिन्ता बढेको थियो ।

पछिल्लो समय सामाजिक सञ्जालका माध्यममा आफ्नो गतिविधिबारे जानकारी दिने प्रचलन बढ्दो भएकाले नै यस किसिमको समस्या बढिरहेको छ । आफ्ना गतिविधिलाई सोसल मिडियामैत्री बनाउनुकै कारणले लोकप्रियतासँगै समस्या सिर्जना भएको चलचित्र निर्माता तथा निर्देशकको भनाइ छ ।

## बास्केटबल टोलीको बिदाइ



काठमाडौं, ४ असोज (रासस)/ माल्दिभ्समा हुने महिला बास्केटबल च्याम्पियनसिपमा सहभागी हुने १३ खेलाडीसहित १५ सदस्यीय नेपाली टोलीलाई मंगलबार बिदाइ गरिएको हो ।

टोलीलाई सफलताको शुभकामना दिँदै राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य-सचिव टङ्कलाल घिसिङ्ले एक कार्यक्रमबीच बिदाइ गरे । प्रतियोगिता यही असोज ८ देखि १४ गतेसम्म हुनेछ ।

सहभागी खेलाडीमा कप्तान सदिना श्रेष्ठ, एलिना गुरुङ, एलिशा मल्ल, अमिशा घले, अनुषा मल्ल, विनामणि योञ्जन, गरिशा सिलवाल, मीना गुरुङ, मुना महर्जन, प्रतिक्षा मगर, रचना श्रेष्ठ र श्रेया खड्का रहेका छन् ।

प्रशिक्षकमा विकास शाही र व्यवस्थापकमा नीरञ्जन सत्याल छन् । रेफ्री राजकुमार महर्जनले प्रतियोगितामा निर्णायकको भूमिका निर्वाह गर्नेछ । नेपाली टोली यही असोज ७ गते माल्दिभ्स जानेछन् ।

# स्वर्णभूमि नेपालको...

निर्वाचनमा अधिकतम सिट ल्याउन शक्ति केन्द्रहरूको दाउपेच झाँगिदै गइरहेका बेला जनबोलीले के तरङ्ग ल्याउला र ? त्यसमाथि हाम्रो कर्मचारीतन्त्रले प्राथमिकता खुट्याउने कति नै प्रयास गर्लान् र ?

ट्राभल एजेन्सी र टुर अपरेटरहरूको आफ्नै मार्केटिङ र कुशल व्यवस्थापनका कारण विदेशीहरूको नेपाल भ्रमणमा आउने क्रम जारी नैछ । सन् २०२१ मा पर्यटन क्षेत्रबाट राज्यलाई १३ अर्ब ५२ करोड रुपैयाँ आम्दानी भएको थियो ।

जे होस्, अंग्रेजीमा एउटा भनाइ छ, कुनै पनि कामको राम्रो सुरुवात हुनु नै आधा काम भइसक्नु हो । यही भनाइलाई मनन गर्दै सरकारमा रहेकाहरूले निर्वाचनमा जानुअघि पर्यटन, कृषि र वनजस्ता राष्ट्रिय महत्त्वका विषयहरूमा प्रस्ट एवं उदार नीतिको तर्जुमा गरिसक्नु हितकारी हुने देखिन्छ । किनभने पर्यटन, कृषि र वन नै राष्ट्रका दिगो धन हुन् ।

नेपाल पर्यटन बोर्डले पनि आफ्ना कार्यक्रमहरू तयार पार्दा मार्केटिङका सैद्धान्तिक पक्षको मात्रै औपचारिक मञ्चन गरेर हुँदैन ।

मन्त्रालय, विभाग, निजी क्षेत्र, यस क्षेत्रका अनुभवी विज्ञ एवं पालिकाहरूसँग निकटस्थ रही सबैको राय-सुझावका आधारमा पर्यटन विकासका नयाँ रणनीति बनाइनुपर्छ । यसो गर्न सकिएको खण्डमा हामी स्वर्णभूमि बन्दै जानेछौं, अन्यथा बिस्तारै मरुभूमि !

*-साभार: कारोबार*

# 'विद्युतीय सवारीसाधनलाई प्रोत्साहन गरिएको छ'

काठमाडौं, ४ असोज (रासस)/ नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले सबैभन्दा सस्तो इन्धन विद्युत् नै भएकाले विद्युतीय सवारीसाधनलाई प्रोत्साहन गरिएको बताएको छ ।

सुन्दर ट्रेडर्स प्रालिले मंगलबार आयोजना गरेको चार्जिङ स्टेशन प्रदर्शनी कार्यक्रममा निर्देशक घिसिङले विद्युत्को प्रयोग बढाएर देश समृद्ध बनाउन सकिने बताए । सवारीसाधनलगायतमा विद्युत्को प्रयोग बढाउन सकिने उनको धारणा छ । "पहिले लोडसेडिङ हुने समयमा विद्युतीय सामान कल्पना नै गर्न नसकिने भए पनि अहिले त्यसको प्रयोग बढाउन भनिरहेका छौँ", निर्देशक घिसिङले भने । अहिले विद्युत् व्यापार भइरहेकामा प्राधिकरणको जोड देशभित्रै खपत बढाउनु रहेको कार्यकारी निर्देशक घिसिङले उल्लेख गरे । उनका अनुसार अहिले जति रकमको विद्युत् व्यापार भइरहेको छ, देशभित्र खपत बढाउँदा त्योभन्दा बढी रकम आर्जन हुनसक्छ । विद्युतीय सवारीसाधनले सञ्चालन खर्च कम भएका आधारमा यात्रुलाई छुट दिनुपर्ने उनले बताए । घिसिङले भने, "एक पटक किन्न बढी रकम भए पनि त्यसको सञ्चालन खर्च पेट्रोलियम पदार्थबाट चल्ने सवारीसाधनभन्दा कम छ ।"

सुन्दर ट्रेडर्स प्रालिका अध्यक्ष भेषबहादुर थापाले ट्रलिबस पुन: सञ्चालनका लागि जिम्मेवारी दिन सरकार समक्ष माग गरे । आफूले जिम्मेवारी पाएमा तीन महिनामा सञ्चालन गर्न सक्ने उनको दाबी छ ।

दैनिक पत्रिका पढ्ने बानी गरौं ।
पत्रिका नआएमा हामीलाई सम्झनुहोस् ।

**पसल बिक्रीमा**

स्कुलरोडमा चालु अवस्थामा रहेको अति व्यस्त कपडा पसल विशेष कारणले बिक्रीमा ।

**फोन नं.: ९८४५४८७२३२**







**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**
हेटौंडा-४, रजतजयन्ती, फोन: ९८०२९००३१६, ९८०२६३१६६४

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

आफ्नै उद्योगबाट उत्पादित दुग्ध तथा दुग्धजन्य पदार्थ अर्डर बमोजिम उपलब्ध गराइन्छ ।

**गायत्री डेरी इन्डष्ट्रिज प्रा.लि.**
हेटौंडा, मकवानपुर

०५७-५२०४८३, ०५७-५२१९१८, ९८४१५२७००६, ९८४५१०३६१४

प्रोपाईटर: बिनोद शाही ☎ ९८४५०२२५३१, ९८१७२२४३६२

**विक्की फ्रेस मिट शप**
हेटौंडा-२, चौकीटोल

हामीकहाँ लोकल तथा ब्रोइलर कुखुराको मासु, खसीको मासु, बंगुरको मासु, राँगाको मासु पाउनुको साथै जीउँदो माछा पनि पाईन्छ ।

# एक वर्षमा ३३ वटा मानव अधिकार उल्लंघनका घटना

साझाकुरा संवाददाता

हेटौंडा, ४ असोज/ बागमती प्रदेशमा गत एक वर्षमा ३३ वटा मानव अधिकार उल्लंघनका घटनाहरू भएका छन् ।

गत आर्थिक वर्ष २०७८/०७९ मा मानव अधिकार उल्लंघनको ३३ वटा घटना भएका हुन् । गत वर्ष प्रदेशको १३ वटा जिल्लाहरुमा ३३ वटा मानव अधिकार उल्लंघनका घटना भएको राष्ट्रिय मानव अधिकार आयोगको बागमती प्रदेश कार्यालयको रेकर्डमा उल्लेख छ ।




आयोगको प्रतिवेदनअनुसार त्यसमध्ये नागरिक तथा राजनीतिक अधिकार उलंघनका १७, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका ७, बालअधिकारसम्बन्धी २, महिलाविरुद्धको १, आप्रवासी कामदारहरुको अधिकारसम्बन्धी २, यातना तथा क्रुर अमानवीय व्यवहार विरुद्धको अधिकारका १, जातीय भेदभाव १ र अपाङ्गता भएकाको अधिकारसम्बन्धी १ वटा घटना भएका छन् ।

त्यसमध्ये काठमाडौंमा मात्रै ८ उजुरी छन् भने सबैभन्दा कम रामेछापबाट एउटामात्रै उजुरी परेको छ । भक्तपुर, सिन्धुली, रसुवा र मकवानपुरबाट कुनै पनि उजुरी परेको छैन । आयोगमा बागमती प्रदेशमा अघिल्लो वर्षका बक्यौता उजुरीहरूको संख्या ५९७ छ । आयोगमा उजुरी दर्ता भए पनि धेरै उजुरीहरूको फर्छ्यौटमा भने ढिलासुस्ती रहेको देखिन्छ ।

# थप एक जनामा कोरोना पुष्टि




साझाकुरा संवाददाता

हेटौंडा, ४ असोज/ मकवानपुरमा थप एक जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको छ । स्वास्थ्य कार्यालय मकवानपुरको अनुसार ३ जनाको एन्टिजेन परीक्षण गर्दा एक जनामा संक्रमण पुष्टि भएको हो ।

संक्रमण पुष्टि हुने व्यक्ति बागमती गाउँपालिकाका रहेको जनाएको छ । जिल्लामा हाल दुई जना कोरोनाको सक्रिय संक्रमित होम आइसोलेसनमा उपचाररत रहेको कार्यालयले जनाएको छ ।

# सामरी गोल्डकपको उपाधि चौकीटोललाई

साझाकुरा संवाददाता

हेटौंडा, ४ असोज/ मकवानपुरगढी ४ मा रहेको नेष्ट कला संस्थाको आयोजनामा भएको प्रथम ११ साइड सामरी गोल्ड कपको उपाधि चौकीटोल युवा क्लबले हात पारेको छ । भदौ ३१ गतेबाट सुरु भएको फुटबलमा १२ वटा क्लबहरुले सहभागिता जनाएका थिए ।

मंगलबार भएको फाइनल खेलमा भीमफेदी युवा क्लबलाई ५४ गोल अन्तरले पराजित गर्दै चौकीटोल युवा क्लबले उपाधि हात पारेको हो ।

सामरी पुलको नजिक रहेको खेलमैदानमा भएको खेलमा निर्धारित समयमा गोल भएपछि ट्राइबेकरमा ५४ गोल अन्तरले चौकीटोल विजेता बनेको हो ।



विजेता बनेसँगै मेडल, प्रमाणपत्रका साथ खसी पुरस्कार प्राप्त गरेका छन् भने भीमफेदीले बोका पुरस्कारमा चित्त बुझाउनु परेको छ । निर्धारित समयमा कडा प्रतिस्पर्धाका साथ खेल भएपनि गोल हुन भने सकेको थिएन् । कार्यक्रममा उत्कृष्ट खेलाडी चौकीटोलका जेनिश थपलिया, खेल अवधिभर धेरै गोलकर्ता चौकीटोलका अनिष महर्जन, उत्कृष्ट गोल रक्षक भने फुटबल क्लब भीमफेदी सन्त जिरेल घोषित भएका थिए । त्यस्तै, अनुशासित टिममा फुटबल क्लब भीमफेदी भएको छ ।

आयोजक संस्थाका अध्यक्ष सन्जय भुजेलको अध्यक्षतामा भएको कार्यक्रममा समाजसेवी कृष्णलाल श्रेष्ठको प्रमुख आतिथ्यता तथा गाउँपालिका उपाध्यक्ष मानकुमारी पाखिनको विशेष आतिथ्यतामा पुरस्कार वितरण गरिएको थियो ।

कार्यक्रममा मकवानपुरगढी ५ का वडा अध्यक्ष दीपेश दहाल, हेटौंडा १ का अध्यक्ष सविन न्यौपानेलगायत समाजसेवी, खेलप्रेमी तथा राजनितिक दलका प्रतिनिधिहरुको आतिथ्यता रहेको थियो ।

# युवा संघद्वारा निर्वाचन परिचालन कमिटी गठन

साझाकुरा संवाददाता

हेटौंडा, ४ असोज/ राष्ट्रिय युवा संघ नेपाल जिल्ला कमिटी मकवानपुरले निर्वाचन परिचालन कमिटी गठन गरेको छ ।

सोमबार भएको प्रशिक्षण तथा विस्तारित भेलाले लक्ष्मण उप्रेतीको संयोजकत्वमा ६०१ सदस्य निर्वाचन परिचालन कमिटी गठन गरेको हो । कमिटीको सदस्यमा ८ पालिका, नगरपालिका र उपमहानगरपालिकाका पूर्ण कमिटी सदस्य रहने छन् । मकवानपुरको १६४ निर्वाचन बूथमा एक सय जना दरले बुथ सुरक्षाका लागी युवा परिचालन गरिने युवा संघले जनाएको छ । कार्यक्रममा एमालेका केन्द्रीय सदस्य तथा जिल्ला इन्चार्ज रामेश्वर रानाको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा एमाले नेता अनन्त पौडेल, एमाले मकवानपुरका अध्यक्ष एकालाल श्रेष्ठ लगायताले मन्तव्य व्यक्त गरेका थिए ।




# चट्याङ लागेर एक जनाको मृत्यु

हेटौंडा, ४ असोज/ मकवानपुरको बकैया गाउँपालिकामा चट्याङ लागेर एक जनाको मृत्यु भएको छ । बकैया बकैया गाउँपालिका-११ आहाल डाँडामा सोमबार राती चट्याङ लागेर एकजनाको मृत्यु भएको हो ।

स्थानीय ५५ वर्षीय आईत सिं भोलन घरमा बसिरहेको अवस्थामा चट्याङ लागेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । यसैगरी, चट्याङले सोही स्थान नजिकै भिमबहादुर स्याङ्तानको गोठमा १ गोरु पनि मरेको प्रहरीले जनाएको छ ।


## जनहितमा जारी सूचना

सहभागीतामुलक, समानुपातिक, समावेशी तथा साझेदारीपूर्वक विकास निर्माण, स्वच्छ तथा निष्पक्ष, सुशासन युक्त कार्य शैली हाम्रो अभियान । जेष्ठ नागरिक, एकल महिला, अपाङ्ग, अशक्त नागरिकप्रति जिम्मेवार बनौं । व्यक्तिगत घटना (जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, सम्बन्धविच्छेद, बसाई सराई) सम्बन्धी वडा कार्यालयमा ३५ दिन भित्र दर्ता गरौं ।

हिराबहादुर गमाल (अध्यक्ष)
१० नम्बर वडा कार्यालय,
**थाहा नगरपालिका**

## जनहितमा जारी सूचना

१) सहभागितामूलक, समावेशी तथा साझेदारीपूर्वक विकास निर्माण, स्वच्छ, निष्पक्ष तथा सुशासनयुक्त कार्यशैली हाम्रो अभियान ।
२) जेष्ठ नागरिक, एकल महिला, अपांग र अशक्त नागरिकप्रति जिम्मोवारी बनौ ।
३) व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद बसाइसराई) सम्बन्धी वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं ।
४) आफ्नो वरिपरी गाउँ/टोल वा अन्य निकायबाट भएको विकास निर्माण सम्पन्न गर्ने कार्यको निगरानी गरौं ।
(५) आफ्नो घर वरपर बोट बिरुवा रोपी हरियाली बनाऔं । निर्धारितमापदण्ड भए नभएको अनुगमन गरी मापदण्ड विपरित भएकोपाइएमा समयमै सम्बन्धित निकायमा खबर गरौं ।
६) बालश्रम, बल शोषण, बाल विवाह रोकौं ।

हेरमान गोपाली (अध्यक्ष)
१ नम्बर वडा कार्यालय,
**थाहा नगरपालिका**

## जनहितमा जारी सूचना

तपाईको घर वा परिवारमा हुने गरेका जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्ध विच्छेद लगायतका घटनाहरु समयमै सम्बन्धित वडा कार्यालयहरुमा गई दर्ता गराउन हुन समस्त नगरबासीमा अनुरोध गर्दछौं ।

राजकुमार बलामी (अध्यक्ष)
९ नम्बर वडा कार्यालय,
**थाहा नगरपालिका**

**तपाई हामी सबैको कुरा साझाकुरा**
साझाकुरा www.sajhakuranews.com **मा पनि हेर्न सकिन्छ ।**

## जनहितमा जारी सूचना




हिरेन्द्रकुमार रायमाझि (अध्यक्ष)
३ नम्बर वडा कार्यालय,
**थाहा नगरपालिका**

## जनहितमा जारी सूचना

हामीले तिरेको कर हाम्रै पालिकाको विकासको लागि हो त्यसैले अनिवार्य मालपोत शुल्क, सिफारिस दस्तुर लगायतका अन्य शुल्क अनिवार्य आफ्नो वडा कार्यालयमा गएर तिर्ने गरौं । याद गर्नुस शुल्क तिरेपछि रसिद लिन नभुल्नुहोस् ।

सुवास थापा मगर (अध्यक्ष)
१ नम्बर वडा कार्यालय,
**इन्द्रसरोबर गाउँपालिका**

## जनहितमा जारी सूचना

बाल विवाह एक सामाजिक अपराध हो । बाल विवाहका कारण समाजमा घट्ने घटना न्यूनीकरणका लागि बाल विवाह अन्त्य गर्न सबै लागौं । बाल विवाह गर्नेलाई सामाजिक रुपमा बहिस्कार गरौं सभ्य समाजको निर्माण गरौं ।

सुमन श्रेष्ठ (अध्यक्ष)
२ नम्बर वडा कार्यालय,
**इन्द्रसरोबर गाउँपालिका**

## जनहितमा जारी सूचना

सहभागीतामुलक, समानुपातिक, समावेशी तथा साझेदारीपूर्वक विकास निर्माण, स्वच्छ तथा निष्पक्ष, सुशासन युक्त कार्य शैली हाम्रो अभियान । जेष्ठ नागरिक, एकल महिला, अपाङ्ग, अशक्त नागरिकप्रति जिम्मेवार बनौं । व्यक्तिगत घटना (जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, सम्बन्धविच्छेद, बसाई सराई) सम्बन्धी वडा कार्यालयमा ३५ दिन भित्र दर्ता गरौं ।

दुतराज तितुङ (अध्यक्ष)
५ नम्बर वडा कार्यालय,
**इन्द्रसरोबर गाउँपालिका**

## थाहा नगरपालिकाको अत्यन्त जरुरी सूचना

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो । बाल विवाह गर्ने, गराउन र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरामा ल्याएको छ । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

| मुलुकी अपराध संहिता २०७४ | |
|---|---|
| विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन (दफा १७३) | तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म गरिवाना हुनेछ । |
| विवाह गर्न पूरा हुनुपर्ने उमेर पूरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन । | |

थाहा नगरपालिका
मकवानपुर

## इन्द्रसरोवर गाउँपालिकाको सूचना

तपाईको घर वा परिवारमा हुने गरेका जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्ध विच्छेद लगायतका घटनाहरु समयमै सम्बन्धित वडा कार्यालयहरुमा गई दर्ता गराउन हुन समस्त गाउँबासीमा अनुरोध गर्दछौं ।

इन्द्रसरोवर गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय खानीखेत, मकवानपुर


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना